सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक ८४ ♦ २०८० साल मंसीर २३ गते शनिवार ♦ 9 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

**राष्ट्रिय भूमि आयोग जिल्ला समिति महोत्तरीको हकदाबी सम्बन्धी ७ दिने सूचना**

छुट हुन गएको हुँदा छुट भएकाहरुको नामावली पुन: प्रकाशन । पेज ३ मा

# लागु औषधको अत्यधिक प्रयोगले बढ्यो मधेसमा अपराध



खबर दर्पण समाचारदाता

**मंसीर २२ गते, महेन्द्रनगर**

जनकपुरधाम उपमहानगरपालिका २४ सोनापाराका २२ वर्षीय रूपेश महरा, २० वर्षीय पवन सहनी र २० वर्षीय हरिचन मण्डल गत कात्तिक ९ गते जटही हुँदै सीमापारि (भारतीय बजार) पुगे। त्यहाँ उनीहरूले लागुऔषध सेवन गरे। फर्किंदा जनकपुर जटही सडक खण्डमा रोकिए। र, हरिचनले रूपेशसँग मोबाइल मागेर गीत सुन्दै झुम्न थाले। उनी गीतमा मुग्ध थिए। त्यति नै बेला रूपेशले आफ्नो मोबाइल फिर्ता मागे। हरिचनले मोबाइल फिर्ता दिन इनकार गरे। लागुऔषधको मताइमा मदहोस दुवैबीच विवाद बढ्यो। मुक्का हानाहान भयो। हरिचन र रूपेश बीचको झगडा शान्त पार्नुको साटो पवनले हरिचनलाई साथ दिँदै बाँसको भाटा ल्याइदिए।

त्यस्तै गत भदौ २१ गते सप्तरीको कञ्चनरूप नगरपालिका ७ का राहुल चौधरी र वडानम्बर ६ का पशुपति राम सीमापारि गई लागुऔषध सेवन गरे। लागुऔषधको केही मात्रामा लिएर पनि फर्किए। सोही नगरपालिकाको वडा नम्बर ९ स्थित सुन्दरी खोलाको डिलमा बसेर रामले चौधरीलाई पुन: लागुऔषध सेवन गराए। अत्यधिक डोजका कारण उनी बेहोस भएपछि रामले चौधरीको हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ। हत्या गरेपछि रामले चौधरीसँग रहेको मोबाइल र उनले लगाएको घडी लिएर गएका थिए। प्रहरीले असोज ४ गते रामलाई पक्राउ गरेपछि घटनाको तथ्य खुलेको हो।

उल्लिखित घटनाका मृतक र आरोपित मिल्ने साथी थिए। उनीहरू सँगै लागुऔषध सेवन गर्दै आएका थिए। त्यो दिन लागुऔषध सेवन गरेपछि नसाको झोकको परिणाम हत्या हुन गएको प्रहरीको अनुसन्धानबाट खुलेको छ।

मधेस प्रदेशमा लागुऔषध सेवन गरेर आङ्ग नै साथीको हत्या गरिएका यी प्रतिनिधि घटना

*बाँकी पृष्ठ २ मा*

## कांग्रेस मधेश प्रदेश सम्मेलनको लागि विभिन्न उपसमिति गठन

खबर दर्पण समाचारदाता

**मंसीर २२ गते, महेन्द्रनगर**

नेपाली कांग्रेस मधेश प्रदेशले दुई दिवसीय प्रदेश सम्मेलन गर्न लागेको छ । आगामी पुस ५ र ६ गते गरिने प्रथम प्रदेश सम्मेलनलाई सम्पन्न गराउन विभिन्न समिति उपसमिति गठन गरेको छ ।

नेपाली कांग्रेस मधेश प्रदेश समितिका सभापति कृष्णप्रसाद यादवको संयोजकत्वमा गठन गरेको मूल आयोजक समितिका सदस्यमा प्रदेश समितिका पदाधिकारी, सदस्य, पार्टीका जिल्ला सभापति, प्रदेशसभा क्षेत्रीय सभापति, मधेश प्रदेश नगरपालिका महासङ्घ अध्यक्ष र गाउँपालिका महासङ्घका अध्यक्ष, भ्रातृ सङ्गठनका शुभेच्छुक सङ्घ संस्थाका प्रमुख छन् ।

त्यस्तै, कोषाध्यक्ष प्रदिपकुमार यादवको संयोजकत्वमा गठित अर्थ समितिमा सदस्य सहमहामन्त्री जयनारायणप्रसाद यादव तथा सदस्यमा ममता महतो, सितलप्रसाद यादव, र ामबाबु साह रहनुभएको छ ।

यस्तै, प्रदेश सभा सदस्य नागेन्द्रप्रसाद साहको संयोजकत्वमा गठित आर्थिक व्यवस्थापन समितिका सदस्यमा सहमहामन्त्री बिन्दुकुमारी यादव, प्रदेश सभा सदस्य शेषनारायण यादव, प्रचार विभाग प्रमुख नीतेशकुमार गुप्ता, प्रदेश सदस्यहरु पाण्डव मण्डल, सुनिल ठाकुर, सोनी बोम्जन, राजेश गिरी र गाउँपालिका महासङ्घ अध्यक्ष जवाहर यादव छन् ।

यसैगरी, आवास तथा भोजन व्यवस्थापन समितिका संयोजकमा प्रदेश सांसद शेषनारायण यादव, सदस्यमा जिवनाथ चौधरी, सुरेशप्रसाद यादव, राजकिशोर यादव र ललित साह, सुधीरकिशोर यादवलाई जिम्मेवारी दिइएको छ भने मञ्च व्यवस्थापन समितिका संयोजकमा बजरङ्ग यादव,

*बाँकी पृष्ठ ३ मा*

## मधेश प्रदेशमा पौने दुई लाख बाल श्रमिक

खबर दर्पण समाचारदाता

**मंसीर २२ गते, महेन्द्रनगर**

मधेशका प्रदेशमा बाल श्रमिकको सङ्ख्या अत्यधिक मात्रामा रहेको पाइएको छ । मधेश प्रदेशका जिल्लाहरूमा बाल श्रमिकको सङ्ख्या १ लाख ७२ हजार रहेको छ ।

आसमान नेपालले शुक्रवार जनकपुरधाममा आयोजना गरेको बालश्रमका लागि सञ्चार कर्मीसँगको अन्तरक्रिया कार्यक्रममा कूल बाल श्रमिकमध्ये ५ वर्षदेखि १३ वर्ष मुनिका बाल श्रमिकको सङ्ख्या १ लाख २७ हजार रहेको आसमान नेपालका बालश्रम हेर्ने शाखाका प्रमुख दिपेन्द्र तिवारीले जानकारी दिनुभयो । १७ वर्ष मुनिका बाल श्रमिकको सङ्ख्या ४५ हजार रहेको छ । अधिकांश बाल श्रमिक कृषि, घरेलु, सार्वजनिक यातायात, निर्माण कार्य, बालुवा गिट्टी तथा साना होटलमा कार्यरत रहेका छन् । मधेश प्रदेशका जिल्लामा गरिबी, अशिक्षा, पारिवारिक कलह, अभिभावक ऋणमा डुब्नु, जग्गा विहिन हुनु, धेरै बच्चा हुनु, बालविवाह हुनु, अभिभावक विहीन हुनु, जन्म दर्ता नहुनु जस्ता कारणले बालबालिकाहरू श्रम गर्न बाध्य हुनुपरेको आसमानले ३ सय ६४ बाल श्रमिकसँग गरेको परामर्श बैठकबाट खुलेको छ।

बाल श्रमिक मध्ये ८८ हजार बालक र ८५ हजार बालिका रहेका छन् । बाल श्रमिक मध्ये ५० हजार ९ सय उच्च जोखिम क्षेत्रमा कार्यरत छन् । कूल बाल श्रमिक मध्ये ९.८ प्रतिशत ग्रामीण क्षेत्रमा र १२.४४ प्रतिशत शहरी क्षेत्रमा रहेको आसमान नेपालले जनाएको छ ।

नेपाल सरकारले बालश्रम

*बाँकी पृष्ठ ३ मा*

**ए.एस.डी. अफसेट प्रेस**

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,

✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प

✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# लागु औषधको अत्यधिक प्रयोगले..................

मात्र हुन्। यी घटनाले प्रदेशका कतिपय युवा लागुऔषधको कुलतमा परी अपराध उन्मुख बन्दै गएको देखाएको प्रहरीको भनाइ छ।

प्रहरी अधिकारीका अनुसार यहाँ घट्ने ८० प्रतिशत आपराधिक घटना लागुऔषधकै कारण भइरहेका छन्। लागुऔषध प्रयोग गरेर हत्या र जबर्जस्ती करणी गर्ने गरेको भए पनि पछि ती मुद्दा कर्तव्य ज्यान र जबर्जस्ती करणीमा परिणत हुने भएकाले लागुऔषधकै कारण हत्या र करणी भएको तथ्यांक प्रहरीमा छुट्टै रहँदैन।

## चरेससम्मको कारोबार

गत कात्तिक ९ गते पर्सा प्रहरीले वीरगञ्ज महानगर पालिका २१ परवानीपुरबाट लागुऔषधसहित पोखरा महानगरपालिका ६ का ४० वर्षीय रवीन्द्र केसीलाई पक्राउ गऱ्यो।

वीरगन्जबाट हेटौँडातर्फ जाँदै गरेको ग १ ख ९६२६ नम्बरको यात्रुवाहक बसबाट उनलाई लागुऔषधसहित पक्राउ गरिएको हो। केसीले चालक बस्ने सिटमुनि लुकाईछिपाई राखेको फेनारगन ३०० एम्पुल, डाईजापाम ३०० एम्पुल र नुरफिन ३०० एम्पुल गरी जम्मा ९०० एम्पुल बरामद गरिएको पर्सा पहरीले जनाएको छ।

पक्राउ पर्नेमा स्कुटरचालक मकवानपुर हेटौंडा उपमहानगरपालिका १ का २४ वर्षीय समीप श्रेष्ठ र स्कुटरको पछाडि बसेका सोही ठाउँका २८ वर्षीय सुवास पौडेल छन्। पौडेलले लगाएको हुडीभित्र बायाँ हातको भागमा लुकाईछिपाई राखिएको लागुऔषध खैरो हेरोइन जस्तो देखिने सेतो पदार्थ शून्य दशमलव ६ सय २० मिलिग्राम फेला परेको थियो।

सोही दिन सोही स्थानबाटै प्रहरीले भारतबाट शंकास्पद रूपमा पैदल हिँडेर वीरगन्जतर्फ आउँदै गरेका मकवानपुर हेटौंडा उमनपा १४ मयुरधापका २८ वर्षीय साजन पौडेललाई पक्राउ गऱ्यो।

उनले बोकेको प्लास्टिकको झोलाभित्र लागुऔषध नाइट्राजेपाम नाइजा एक्यान प्रतिपत्ता १० ट्याबलेटका दरले ७ पत्तामा ७० ट्याबलेट फेला परेको थियो। पक्राउ परेका तीनैजनालाई थप अनुसन्धान तथा कारबाही भइरहेको पर्सा प्रहरीका प्रवक्ता डिएसपी कुमार विक्रम थापाले जानकारी दिए।

मधेस प्रदेशका आठ जिल्ला भारतीय सीमासँग जोडिएका छन्। जसकारण लागुऔषध ल्याउन सजिलो छ। लागुऔषधसहित पक्राउ पर्नेहरू भारतबाटै ल्याइ रहेको अवस्थामा पक्राउ पर्ने गरेको प्रहरी अधिकारी बताउँछन्।

विभिन्न किसिमका ट्याबलेट र इन्जेक्सनदेखि गाँजा, चरेस र हेरोइनसम्मको प्रयोग यो प्रदेशमा हुने गरेको प्रहरीको भनाइ छ। यी लागुऔषधको कारोबार तथा प्रयोग हुन नदिन प्रहरी आङ्+नो स्तरबाट प्रयास गरिरहेको बताउँछ।

त्यस्तै १६ हजार चार सय ५६ ट्याबलेट, एक हजार ७७ बोतल र १४ हजार एक सय ७७ इन्जेक्सन बरामद भएको छ। चालु आर्थिक वर्षमा लागुऔषधसम्बन्धी दुई सय ६३ मुद्दा दर्ता भएका छन्। जसमा तीन सय ७७ जना पक्राउ परेका छन्।

गत आव २०७९ मा लागुऔषधसम्बन्धी नौ सय ३७ मुद्दा दर्ता भएको थियो। जसमा १३ सय चारजना मानिस पक्राउ परेका थिए। सो अवधिमा ५६ सय ८३ किलो गाँजा, ४९ ग्राम ब्राउन सुगर, १५० किलो चरेस, ७१२ ग्राम हिरोइन, ६६ हजार आठ सय ६५ पिस ट्याबलेट, ८२ सय २७ बोतल, ६२ हजार ९०६ पिस इन्जेक्सन बरामद भएको थियो।

यी उदाहरणले मधेस प्रदेशमा लागुऔषधको फैलँदो सञ्जाललाई प्रस्ट्याउँछ। मधेस प्रदेशका आठवटै जिल्लाको सिमानाका सामान्य रूपमा खुला भएको अवस्थामा दैनिक यहाँबाट पारि पुगेर लागुऔषध बोकेर फर्किनेको संख्या बढी छ।

भारतसँगको खुला सिमाना, सबैतिर सुरक्षादृष्टि पुऱ्याउन नसक्ने सुरक्षा निकायको कमजोरी तथा सीमावर्ती भारतीय बजारमा हुने खुलमखुला बेचबिखनलगायत कारणले मधेस प्रदेश लागुऔषध कारोबारीको अखडा बन्दै आएको छ। सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामार्फत पहाडी जिल्ला र राजधानीलगायत धेरै सहरमा लागुऔषध ओसारपसार हुने गरेको प्रहरी स्रोतको भनाइ छ।

मधेस प्रदेशसभा सदस्य राजकुमार गुप्ता(राजु)ले लागुऔषधले मधेसी समाज दलदलमा भासिँदै गएको बताउँछन्। प्रयोगकर्ता पहिलेभन्दा धेरै बढेको छ। कारोबारी पनि बढ्दै गएको छ।

उनले भने, 'यस प्रदेशका गाउँ सहर लागुऔषधको ट्रान्जिटका रूपमा बढी प्रयोग भइरहेको पाइन्छ।' यसलाई तत्कालै नियन्त्रण गर्न नसकिए यहाँको सामाज लागुऔषधको दलदलमा भासिने उनको चिन्ता छ।

प्रहरीले केही समयको फरकमा लागुऔषधसहित मानिसहरू समात्न थालेको लामो समय भइसकेको छ। तर कारोबारीहरूको सक्रियता पटक्कै घटेको छैन, झन् बढ्दो छ। यो संगठित गिरोहकै कारण सम्भव भएको प्रहरी अधिकारी बताउँछन्। खुला सिमानाका कारण नियन्त्रण चुनौतीपूर्ण बनेको प्रहरी अधिकारीको तर्क छ।

## नियन्त्रण अभियान

बढ्दो लागुऔषधको प्रयोग र कारोबारको फैलँदो सञ्जालको चुनौती छल्न मधेस प्रदेश प्रहरी कार्यालयले मधेस प्रदेशका आठवटै जिल्लामा लागुऔषधबारे चेतना फैलाउने उद्देश्यले 'लागुऔषधविरुद्धको अभियान' सुरु गरेको छ।

अभियानको शुभारम्भ आइतबार महोत्तरीको बर्दिबासमा गरिएको थियो। अभियानको शुभारम्भ गर्दै मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशमा बढ्दै गएको लागुऔषधको गैर कानुनी प्रयोग र त्यसबारे समुदाय स्तरमा जागरण ल्याउने अभियान महत्वपूर्ण हुने बताए। अभिभावकले आङ्+ना सन्तानमाथि निगरानी बढाउने र दुर्व्यसनबारे समयमै सचेत गराउन सके धेरै समस्या समाधान हुने उनको कथन थियो।

मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री मोहम्मद समीमले लागुऔषधले युवाको भविष्य अन्धकारमय बनाइरहेको तर्फ सचेत गराउँदै त्यसविरुद्ध सबै पक्ष एकजुट हुनुपर्ने बताए।

मधेस प्रदेश प्रहरी कार्यालयका प्रमुख(डिआइजी) जनक भट्टराईले प्रदेशका आठवटै जिल्लामा लागुऔषधको कुलतमा लागेका युवालाई मनोपरामर्श दिने, दुर्व्यसनका सम्भावित कारण र परिणामबारे चेतना अभिवृद्धि गर्ने उद्देश्यले अभियान सुरु गरिएको बताए।


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**मिथुन**- सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कर्कट** -समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**सिंह** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कन्या** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**तुला** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृश्चिक** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**धनु** - लामो समयपछि रस रङ्कको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**मकर** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कुम्भ**-प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ऋद्धि सिद्धी बचत तथा ऋण सहकारी संस्था लिमिटेड ढल्केवरको १६औं वार्षिक साधारण सभा सम्पन्न

दिवेश कुमार महतो

**मंसीर २२ गते, महेन्द्रनगर**

धनुषाको मिथिला नगरपालिका ६ ढल्केवरस्थित ऋध्दि सिध्दी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औ वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

ऋध्दि सिध्दी बचत तथा ऋण सहकारी संस्था लिमिटेड ढल्केवर धनुषाका अध्यक्ष राजलाल महतोको अध्यक्षता तथा प्रमुख अतिथि मधेस प्रदेश सभाका प्रदेश सासंद हरिनारायण महतोको प्रमुख आतिथ्यतामा सहकारीको प्राङ्गणमा भव्यताका साथ शुक्रबार साधारणसभा सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि मधेस प्रदेश सभा का प्रदेश सांसद एवम् मधेस प्रदेश नेकपा एमाले का प्रमुख सचेतक समेत रहेका हरिनारायण महतोले जनताहरूको लागि सहुलियत र सजिलो सहकारी नै रहेको बताउँछन्। किसानको नाम मा रहेको कृषि बैंक व्यापारी हरुकोनाम मा भइसकेको र गलत निति र गलत नेतृत्वको कारणले थुप्रै सहकारीहरु बन्द भएको अवस्थामा धनुषाको मिथिला नगरपालिका क्षेत्रभित्रका सहकारीहरुले अपेक्षा अनुसारको काम गरेर जनतालाई दुःख र सुखको साथी बन्न सफल भएको भन्दै सबै ऋणी र सेयर धनीहरुलाई शुभकामना दिएका थिए। सरकारले गरिबि निवारण को नाममारु कार्यक्रम चलाएको र राज्यकोषको ढुकुटी सखाप पारेर गरिबि निवारणको नाममा जनतलाई झन गरिब बनाएको अवस्थामा थौरै भएपनि दैनिक वा मासिक रूपमा अनावश्यक खर्चलाई कटौती गर्दै थौरै रकम जम्मा गर्दै भविष्यमा त्यो सानो रकमले ठुलो कायापलट गर्न सकिने हुनाले सहकारी मा बचत गर्न सासंद महतोले आग्रह थिए।

साधारण सभामा संस्थाका सञ्चालक समितिका अध्यक्ष राजलाल महतोले आयव्यय तथा वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाले सदस्य किसानहरुको समस्या हल गर्ने तथा सिप र पूजीको व्यवस्था मिलाई ब्यबसायिक बनाई आत्मनिर्भर बनाउने कुरालाई प्रतिवेदनमा जोड दिएको छ । संस्थाले आ.व.मा आगामि कार्यक्रमहरु अन्तर्गत सहकारी का सञ्चालक समिति र कर्मचारी हरुको लागि तालिमको व्यवस्था गर्ने कुरा उल्लेख छ। आयव्यय विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मङसिर २१ गते सम्म मा ७७ लाख (कर अघिको) नाफा र पुँजी २५ लाख ३० हजार रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा आम्दानी तर्फ कुल आम्दानी १ करोड ७३ लाख ,९५ लाख ६५ हजार वार्षिक खर्च ,१० करोड ८५ लाख ऋण लगानी , बचत ७ करोड १६ लाख, सेयर पुँजी २ करोड ५३ लाख ,जगेडा कोष २ करोड ८०रु लाख रहेको कुरा आयव्यय प्रतिवेदनमा उल्लेख छ ।

साथै ऋध्दि सिध्दी बचत तथा ऋण सहकारी संस्था लिमिटेड ढल्केवरले आगामि कार्यक्रमहरुमा सहकारी का सञ्चालक समिति र कर्मचारी हरुको लागि तालिमको व्यवस्था गरी सेयर धनीहरुलाई सरल, सुलभ तरिकाले सेवा प्रदान गर्ने निति सहित आगाडि बढेको र ढल्केबर पुर्व चौकमा ४ करोड भन्दा बढी मुल्य बराबरको सम्पत्ति सहकारीको आफ्नै नाममा जग्गा रहेकोले निर्धक्क भएर बचत गर्न अध्यक्ष महतोले समेत आग्रह गरेका थिए।

संस्थामा महिला सदस्य संख्या ११ सय ८३ र पुरुष सदस्य संख्या १२ सय ५० गरी जम्मा २४ सय ३२ सदस्य संख्या रहेको कुरा ऋध्दि सिध्दी बचत तथा ऋण सहकारी संस्था लिमिटेड ढल्केवर धनुषाका प्रबन्धक सुजित लाल कर्णले बताए ।

कार्यक्रमक्रममा मिथिला नगर पालिका की उपमेयर सुनिता सिंह बुढाथोकी, मिथिला नगर पालिका वार्ड नं -१ का वाडा अध्यक्ष जोगी महतो, वार्ड नं -५ का वाडा अध्यक्ष रामचन्द्र महतो, वार्ड नं -६ का वार्ड अध्यक्ष नन्दकिशोर यादव, वार्ड नं- ७ का वाडा अध्यक्ष रामबहादुर स्याङदान,मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड का सिइओ, मिथिला उधोग बाणिज्य संघ का अध्यक्ष संयोष साह, मिथिला नगर बाल संजाल ढल्केवर का अध्यक्ष दिपेश कुमार सिंह सहित सेयर धनी एवम् गाँउवासीहरुको उपस्थिति रहेको थियो।

कार्यक्रमको उद्घोषण तथा सञ्चालन रेसम बास्तोलाले गरेका थिए।

## कांग्रेस मधेश प्रदेश.....

सदस्यमा शर्मिला थापा, भावना ढुङ्गेल, अञ्जु झा, राकेशबिक्रम साह, शिवशङ्कर गोइत (साधु) र सुरेश ठाकुरलाई जिम्मेवारी दिइएको छ ।

प्रचार-प्रसार समितिका संयोजक नीतेशकुमार गुप्ता र सदस्यमा सूचना सञ्चार तथा प्रचार-प्रसार विभाग सदस्यलाई पनि राखिएको छ । स्वयंसेवक परिचालन समितिका संयोजकमा भ्रातृ सङ्घ समन्वय विभाग प्रमुख सूर्यबहादुर थापालाई जिम्मेवारी दिइएको छ ।

सम्मेलनमा प्रस्तुत गरिने राजनीतिक, सांगठनिक प्रस्ताव एवं प्रतिवेदन तर्जुमा गर्न महामन्त्री बृहस्पतिकृष्ण श्रेष्ठलाई र आर्थिक प्रतिवेदन तर्जुमा गर्न प्रदेश कोषाध्यक्ष प्रदीपकुमार यादवको संयोजकत्वमा समिति गठन गरिएको मुख्य सचिव सन्तुप्रसाद यादवले जानकारी दिनुभयो ।

## मधेश प्रदेशमा पौने....

रोक्नका लागि विद्यालयमा बालबालिकालाई भर्नाका लागि प्रोत्साहन गर्ने, दिवा खाजा दिने, निःशुल्क पाठ्यपुस्तक प्रदान गर्ने, दलित तथा विपन्नलाई पोषण भत्ता प्रदान गर्ने, छात्रवृत्ति दिने जस्ता कार्यक्रम गर्दै आएको छ । नेपालमा मधेश प्रदेश, कर्णाली तथा सुदूर पश्चिममा बाल श्रमिकको सङ्ख्या अधिक रहेको आसमान नेपालका कार्यकारी निर्देशक नवल किशोर यादवले जानकारी दिनुभयो ।

प्रदेश सरकारले पनि बालश्रम नियन्त्रणका लागि बालअधिकार ऐन प्रदेश सभामा पेश गरेको छ भने बालअधिकार ऐन २०७७ निर्माण गरेको छ ।

## खेती लगाउने बेला ....

मौसमी तरकारीको बीउ समयमा पाउँदा निकै राहत मिलेको मटिहानी-५ का किसान नागेन्द्र यादव बताउनुहुन्छ ।

नगर कार्यपालिकाको कार्यालयले यसअघि स्यालोट्युबवेल जडान गरी ३० किसानलाई मोटर पम्पसेट उपलब्ध गराएको थियो । यसले हलुका सिँचाइमा हुने बाली हुर्काउन सहज भएको किसानको भनाइ छ । “स्यालोट्युबवेल जडान र मोटर पम्पसेट भएपछि हलुका सिँचाइमा हुने बाली लगाइन पाइने भएको छ”, मटिहानी-२ का किसान जैश शेषले भन्नुभयो, “यतिले पनि गरेर खान बाटो दियो ।”

नगरका नौवटै वडाका बस्तीमा वैकल्पिक सिँचाइ व्यवस्थाका लागि आवेदन गरेका किसानलाई स्यालोट्युबवेल जडान र मोटर पम्पसेट खरिदमा नगर कार्यपालिकाको कार्यालयले कूल लागतमा ८५ प्रतिशत र सम्बन्धित किसानले १५ प्रतिशत रकम लगाएका थिए ।

यसैगरी नगर कार्यपालिकाको कार्यालयले यसअघि फलफूल रोपण, मखान बजार व्यवस्थापन सहयोगी सामग्री, दाईं गर्ने यान्त्रिक उपकरण र कृषि ज्यावल किसानलाई उपलब्ध गरएको थियो ।

नगर कार्यपालिको कार्यालयले पछिल्ला पाँच वर्षयता बर्सेनि मौसमअनुसार बाली लगाउन बीउ, कृषि ज्यावल, जैविक मलसहितका सामग्री दिँदै आएको छ ।

यो क्रमले आफूहरुजस्ता गरिब किसानलाई निकै राहत मिलेको मटिहानी-६ का मेराज अन्सारीको भनाइ छ । रासस

# राष्ट्रिय भूमि आयोग जिल्ला समिति महोत्तरीको हकदाबी सम्बन्धी ७ दिने सूचना

**मिति २०८० मंसीर २२ गते शुक्रवार प्रकाशित सुचनामा निम्न बमोजिमको नामहरु छुट हुन गएको हुँदा छुट भएकाहरुको नामावली पुनः प्रकाशन गरिएको छ।**

बर्दिवास नगरपालिकाबाट प्राप्त सिफारिस सहितको विवरण र तथ्याङ्क समेतको आधारमा जिल्ला समिति महोत्तरीले देहाय बमोजिम भूमिहीन दलित,भूमिहीन सुकुम्बासीहरुलाई देहाय बमोजिमका जग्गा उपलब्ध गराउने तयारी गरेकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धमा कसैको कुनै हकदाबी वा दाबी विरोध भए वा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ख. को उपदफा (४) र भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम ४१ख. को उपनियम (४) मा उल्लिखित जग्गा भए वा सरकारद्वारा गठित कुनै आयोग, कार्यदल वा समितिबाट उपलब्ध गराईएको जग्गा भए सोको प्रमाण सहित जिल्ला समितिको कार्यालयकमा ७ (सात) दिनभित्र लिखित निवेदन गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। सो अवधिभित्र निवेदन पर्न नआएमा यसै बमोजिम जग्गा उपलब्ध गराईने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

| सि.न. | परिवारमूलीको नाम,थर, ना.प्र.नं. | ना.प्र.प.नं. | स्थानीय तह | वडा नं. | साविक नक्सा नं./ कित्ता नं. | हालको नक्सा नं./कि.नं. | क्षेत्रफल (ब.मि.) | प्रयोजन | चार किल्ला कित्ता नं. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | पु. | प. | उ. | द. | |
| ५२ | पानु माया कुमारी | ४९६०५२९१ महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १९९ | ०,०३३८.६३ | आवास | २२१ | बाटो | १९८ | २०० | |
| ५३ | मनोज कुमार बिश्वकर्मा | ६६४८११०६ सर्लाही | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १८७ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १८६ | १६८ | |
| ५४ | रिता बिश्वकर्मा | १८३०७२/८११ महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २०१ | ०,०३३८.६३ | आवास | २२३ | बाटो | २०० | २०२ | |
| ५५ | श्याम परियार | १५२०२१/१९६६ सिराहा | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १७१ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १७० | १७२ | |
| ५६ | राम बहादुर दमाइ | १८३०७१/७५१ महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २१३ | ०,०३३८.६३ | आवास | बाटो | १९३ | २१२ | २१४ | |
| ५७ | चन्द्र बहादुर दर्जी | १०१३१ पर्सा | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १९१ | ०,०३३८.६३ | आवास | २११ | बाटो | १९० | १९२ | |

